# कृषि तथा पशुपन्छीजन्य औजार उपकरण अनुदान कार्यविधि, २०७५

भूमि व्यवस्था,कृषितथा सहकारी मन्त्रालय

कर्णाली प्रदेश,वीरेन्द्रनगर, सुर्खेत

नेपाल

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश सरकार कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल

# कृषि तथा पशुपन्छीजन्य औजार उपकरण अनुदान कार्यविधि, २०७५

**प्रस्तावना:** कर्णाली प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आ.व. ०७५/७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि तथा पशुपन्छीजन्य व्यवसायलाई यान्त्रिकिकरण मार्फत आधुनिकरण गरी उत्पादन लागत घटाई व्यवसायिक एवम् प्रतिस्पर्धात्मक बनाउन कृषि सहकारी, कृषक समूह, कृषि उद्यमी तथा कृषकहरुको माग र आवश्यकताका आधारमा कृषि तथा पशुपन्छी सम्बन्धी औजार उपकरणमा अनुदान दिई प्रोत्साहन गर्न बाञ्छनीय भएकोले मन्त्रालयले **कृषि तथा पशुपन्छीजन्य औजार उपकरण अनुदान कार्यविधि, २०७५** तयार गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम तथा प्रारम्भ:** (क) यो कार्यविधिको नाम "**कृषि तथा पशुपन्छीजन्य औजार उपकरण अनुदान कार्यविधि, २०७५**" रहेको छ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले मन्त्रालय र मन्त्रालय मातहतका अनुदान प्रवाह गर्ने निर्देशनालय, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा विज्ञ केन्द्रलाई सम्झनुपर्छ।

(ग) "अनुदानग्राही" भन्नाले व्यवसायीक रुपमा कृषि बाली खेती तथा पशुपंक्षी, माछा तथा मौरी पालन, आदि गर्ने कृषक समूह, कृषि सहकारी, कृषि उद्यमी तथा कृषकहरु एवम् साना तथा मझौला कृषि तथा पशुपंक्षी प्रशोधन उद्योग संचालन गर्ने व्यावसायी सम्झनु पर्छ ।

(घ) "कार्यक्रम" भन्नाले कृषि तथा पशुपन्छी सम्बन्धी औजार उपकरणमा अनुदान कार्यक्रम वा अनुदानमा कृषि औजार उपकरण वितरणका लागि गरिएका कार्यक्रम सम्झनु पर्छ ।

(ङ) "औजार उपकरण" भन्नाले कृषि बाली खेती, पशुपंक्षी, माछा तथा मौरीपालन लगाएतका साना तथा मझौला स्तरका कृषि तथा प्रशोधन उद्योगलाई किफायती रुपमा संचालन गर्न आवश्यक पर्ने मेशिनरी औजार सम्बन्धी उपकरण सम्झनु पर्छ ।

(च) "साना औजार उपकरण" भन्नाले विशेष गरी मानव द्वारा सञ्चालित (Manual) हुने तथा सानो स्तरमा ब्याट्री, बिजुली आदिबाट पनि चलाउन सकिने औजार उपकरणहरु भन्ने सम्झनु पर्छ।

(छ) "माग" भन्नाले औजार उपकरणमा अनुदान प्राप्त गर्नका लागि पेश गरेको विस्तृत कार्ययोजना सहितको आवेदनलाई सम्झनु पर्छ ।

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

सचिव

मा.विमला के.सी.
मन्त्री

## परिच्छेद-२
## कार्यक्रम संचालन प्रक्रिया

३. **अनुदान प्रवाह गर्ने :** अनुदान प्रवाह मन्त्रालय र मातहतका कार्यालयबाट हुनेछ ।

४. **सूचना प्रवाह तथा माग संकलन:** सूचना प्रवाह तथा माग संकलन देहाय बमोजिम हुनेछ :-

१) कार्यालयले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोकेको म्याद दिई नियमानुसार प्रक्रिया पुऱ्याई अनुसूची-१ अनुसारको ढाँचामा सूचना प्रकाशन गरी माग संकलन गर्नु पर्नेछ । सम्बन्धित सरोकारवाला सबैको जानकारीका लागि स्थानीय एफ.एम.बाट समेत सो सम्बन्धी सूचना प्रचार प्रसार गर्न सकिनेछ ।

२) माग पेश गर्न इच्छुक कृषि व्यवसायसँग सम्बन्धित सहकारी/कृषक समूह/निजी फार्म/कृषक उद्यमीले अनुसूची-२ अनुसारको निवेदनका साथ अनुसूची-३ बमोजिम प्रस्ताव पेश गर्नु पर्नेछ ।

५. **औजार तथा उपकरणको प्राथमिकीकरण तथा छनौट:** सूचनामा उल्लेखित शर्तहरुको अधिनमा रही औजार तथा उपकरण मागको प्राथमिकीकरण तथा छनौट गरिनेछ। विशेष गरी कृषि पशुपन्छी व्यावसायीकरणमा अनुदानले पुऱ्याउने योगदान, प्राथमिकता प्राप्त पकेट क्षेत्रमा औजार उपकरणको प्रयोग, औजार उपकरण सदुपयोगमा आउन सक्ने अवस्था र समेटिने कृषकको प्रकृतिको आधारमा अनुदानग्राही छनौट गर्नुपर्नेछ। आवश्यकताको आधारमा अनुदान प्रवाह गर्ने निकायले थप मापदण्ड तयार पार्न सक्नेछ । अनुदानग्राहीको छनौट अनुदान प्रवाह गर्ने निकायले माग प्राथमिकीकरण तथा छनौट देहाय बमोजिम गर्नेछ :-

१. **माग प्राथमिकीकरण तथा छनौट समिति** देहायानुसार हुनेछ:-

| | |
|---|---|
| क. विषयसँग सम्बन्धित अधिकृत वा कार्यालय प्रमुखले तोकेको प्रतिनिधि, | - संयोजक |
| ख. आर्थिक शाखा प्रमुख, सम्बन्धित कार्यालय | - सदस्य |
| ग. खरिद ईकाइ प्रमुख, सम्बन्धित कार्यालय | -सदस्य-सचिव |

२. समितिले आवश्यकता अनुसार बैठकमा विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ । समितिले बढीमा तीन वटा बैठकबाट कार्य सम्पादन गरिसक्नु पर्नेछ ।

३. समितिले आवश्यकता अनुसार आफ्नो काम कारवाहीलाई वस्तुपरक बनाउन समितिका सदस्यहरु मध्येबाट एक जना संयोजक र बढीमा २ जना सदस्य रहेको उप-समिति गठन गरी मूल्याङ्कन प्रतिवेदन लिन सक्नेछ । उप-समितिको बैठक बस्नु परेमा बढीमा दुई वटा बैठकबाट कार्य सम्पादन गर्नुपर्नेछ ।

४. **माग प्राथमिकीकरण तथा छनौट समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ** :-

क) स्थलगत अध्ययन, अवलोकन गरी प्राप्त प्रस्ताव उपर प्राविधिक र आर्थिक दृष्टिकोणले विश्लेषण र मूल्याङ्कन गर्नेछ ।

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

सचिव

मा.विमला के.सी.
मन्त्री

ख) आवश्यकता अनुसार उप-समितिलाई छनौट सम्बन्धी अधिकार बाहेक अन्य अधिकारहरु प्रत्यायोजन गर्न सक्नेछ। यस अनुसारको उप-समितिले प्रत्यायोजित अधिकार बमोजिमको कार्य सम्पादन गरी समिति समक्ष आवश्यक राय तथा सिफारिस सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

ग) समितिले समग्र विषयवस्तुको अध्ययन र विश्लेषण गरी उपयुक्त मागहरुको योग्यताक्रम लिष्ट तयार गरी अन्तिम लिष्ट प्रकाशन गर्नेछ ।

घ) समितिले मूल्याङ्कन सम्बन्धी कार्य गर्दा माग आवेदन पेश भएको अन्तिम मितिले ७ दिन भित्र माग प्राथमिकीकरण तथा छनौट गर्ने गरी मूल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्नेछ । उक्त म्याद भित्र छनौट गर्न नभ्याउने भएमा उचित कारण र आधार खुलाई पुनः बढीमा ७ दिनको म्याद थप गर्न सकिनेछ ।

ङ) मूल्याङ्कन समितिले मूल्याङ्कन प्रतिवेदन तयार गरि सकेपछि आवश्यक राय तथा सिफारिस सहित कार्यालयका प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

५. कार्यालयले छनौट भएका मागहरुको विवरण खुलाई ७ दिनको म्याद दिई सम्झौता गर्ने आशयको सूचना जारी गर्नु पर्नेछ ।

६. छनौटमा परेका माग उपर उजुरी नपरेमा छनौट भएको ८ औं दिन देखि ३ दिन भित्र सम्झौता गर्न आउने गरी छिटो साधन मार्फत सम्बन्धित प्रस्तावकर्तालाई सूचना दिनुपर्नेछ ।

७. छनौट भएका माग उपर उजुरी परेमा ७ दिन भित्रमा उजुरी उपर आवश्यक निर्णय गरी सक्नु पर्नेछ ।

६. <u>सम्झौता र भुक्तानी</u> : कृषि तथा पशुपन्छी औजार उपकरणमा अनुदान कार्यक्रम सञ्चालन गर्दा देहाय अनुसार सम्झौता र भुक्तानी हुनेछ ।

१. <u>सम्झौताः</u> अनुदान प्रवाह गर्ने निकायले छनौट भएको अनुदानग्राहीसँग भुक्तानी प्रकृया तथा अनुदानग्राहीको दायित्व स्पष्ट रुपमा उल्लेख भएको सम्झौता अनुसूची-५ अनुसार गर्नु पर्नेछ ।

२. <u>भुक्तानी विधिः</u> अनुदान रकम अनुदानग्राहीको बैंक खाता मार्फत बढीमा २ किस्तामा देहायनुसार भुक्तानी गरिनेछ :-

क) अनुदानग्राहीले सार्वजनिक खरीद ऐन तथा नियमावली बमोजिम तोकिएको स्पेशिफिकेशन (आवेदन माग गर्नु अघि सम्बन्धित विज्ञबाट तयार गर्नुपर्ने) अनुसारका औजार उपकरणहरु आपूर्तिकर्ताबाट खरीद गरी अनुदान रकम सम्बन्धित कार्यालयबाट भुक्तानी लिनुपर्ने छ । रकम भुक्तानी सिधै बैंक खाता मार्फत गरिनेछ ।

ख) अनुदान रकमको भुक्तानी अनुदानग्राहीले औजार उपकरण खरीद गरी सम्झौतामा उल्लेखित शर्त तथा कागजातहरु सहित भुक्तानी माग गरेमा कार्यालयले स्पेशिफिकेशन अनुसार खरीद भए नभएको यकिन गरी प्रतिवेदन समेत राखी अनुदानग्राही वा आपूर्तिकर्तालाई सिधै नीजको बैंक खाता मार्फत भुक्तानी गर्नेछ । अन्यत्र जेसुकै लेखिएको भए पनि पचास हजार रुपैंया भन्दा बढीको खरीदमा सार्वजनिक सुनुवाई अनिवार्य रुपमा गराउनु पर्ने छ । स्थानीय

हरिप्रसाद पण्डित
कृषि अर्थविज्ञ

सचिव

मा.विमला के.सी.
मन्त्री

स्थानमा ल्याईसकेको देखिने गरी खरीद भएंको औजार उपकरणको रङ्गिन फोटो पनि निवेदनमा अनिवार्य रुपमा सङ्गलग्न गर्नु पर्नेछ ।

३. **अनुदान रकम:** अनुदान रकम प्रदान गर्दा देहायको क्षेत्रमा देहाय बमोजिम प्रदान गरिनेछ :-

| उपयोग | अनुदानग्राही | अनुदान प्रतिशत (बढीमा) | कैफियत |
|---|---|---|---|
| प्राथमिक उत्पादन कृषि तथा पशु जन्य पदार्थ उत्पादनमा सहयोग हुने | सहकारी | ७० | |
| | समूह | ६० | |
| | कृषक/उद्यमी | ५० | |
| बजारीकरण कृषि तथा पशु जन्य पदार्थ वजारीकरण विक्रि वितरणमा सहयोग हुने | सहकारी | ७० | |
| | समूह | ६० | |
| | कृषि उपज व्यापारी/उद्यमी | ५० | |
| सानो स्तरको प्रशोधन केन्द्र वा उद्योगमा प्रयोग हुने औजारहरु | सहकारी | ७० | |
| | समूह | ६० | |
| | उद्यमी | ५० | |
| मध्यम स्तरको प्रशोधन केन्द्र वा उद्योगमा प्रयोग हुने औजारहरु | सहकारी | ६० | |
| | समूह | ५० | |
| | उद्यमी | ४० | |
| पोष्टहार्भेष्ट तथा साना/शुक्ष्म सिंचाई सम्बन्धी उपकरण | समूह/सहकारी/ उद्यमी/ कृषक | ८५ | |
| मापदण्ड अनुसार ढुवानीका सवारी साधन तथा ट्रयाक्टर खरीद | समूह/सहकारी/ उद्यमी/ कृषक | ५० | |

७. **अनुदानग्राही उपभोक्ताले पालन गर्नुपर्ने शर्तहरु :-**

१) उपभोक्ता कृषि पशुपन्छी पालन पेशा, व्यवसायमा संलग्न भएको हुनु पर्नेछ ।

२) उपभोक्ताले सेटमा मात्र कृषि तथा पशुपन्छी औजार उपकरण अनुदान पाउने छन् । तर अनुदान प्रवाह गर्ने निकायले सेट नतोकी निवेदन माग गरेको अवस्थामा कुनै एउटा औजार उपकरणमा पनि कृषकहरुले अनुदान प्राप्त गर्न सक्नेछन् ।

३) उपभोक्ताले सूचना तथा सम्झौतामा उल्लेख गरे अनुसारका कागजात अनिवार्य पेश गर्नु पर्नेछ ।

४) अनुदान रकम भुक्तानीका लागि सार्वजनिक सुनुवाई गरी रंगिन फोटो सहित पेश गर्नुपर्नेछ ।

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

सचिव

मा.विमला के.सी.
मन्त्री

५) अनुदानमा उपलब्ध गरिएको कृषि तथा पशुपन्छीजन्य औजार उपकरणहरु कृषि ताथ पशुपालन कार्यको समयमा प्रयोग नगरी अन्य गैर कृषि कार्यमा प्रयोग गर्न पाइने छैन ।

६) अनुदानबाट प्राप्त कृषि तथा पशुपन्छीजन्य औजार उपकरणहरुको मर्मत संभार उपभोक्ता स्वयमले गर्नुपर्नेछ ।

७) समूह सहकारीबाट सञ्चालित औजार उपकरणहरुको मर्मत सम्भारका लागि उक्त समूह सहकारीहरुले अनिवार्य रुपमा खरीद मूल्यको ५ प्रतिशत रकमको मर्मत सम्भार कोष खडा गर्नुपर्नेछ । सोको व्यवस्थापन अनुदानग्राही स्वयंले गर्नु पर्नेछ ।

८) अनुदानमा प्राप्त औजार उपकरणमा अनुदान दिने निकाय तथा अनुदान रकम नमेटिने मसीले स्पष्ट देखिने गरी लेख्नुपर्नेछ ।

९) अनुदानबाट प्राप्त औजार उपकरणहरुको संरक्षण र समुचित प्रयोग गर्ने जिम्मेवारी पूरा नगर्ने उपभोक्तालाई अन्य सेवा सुविधाबाट बञ्चित गरिनेछ । समुचित प्रयोग भएको नपाईएमा अनुदान प्रवाह गर्ने निकायले जुनसुकै बेला औजार उपकरण फिर्ता लैजान सक्नेछ ।

१०) कृषि तथा पशुपन्छीजन्य औजार उपकरण खरिद गर्दा आधिकारिक डिलरबाट मात्र खरिद गर्नु पर्नेछ ।

११) खरिद गरिएको औजार उपकरण सम्बन्धित प्राविधिकबाट प्रमाणित गरिएको हुनुपर्नेछ ।

## परिच्छेद-३

## अनुगमन मूल्याङ्कन

८. **अनुगमन मूल्याङ्कन** : मन्त्रालय/निर्देशनालय/कार्यालयले आवश्यकता अनुसार जुनसूकै समयमा पनि अनुगमन गर्न सक्नेछ ।

## परिच्छेद-४

## विविध

९. **पुरस्कार तथा कार्वाहीको व्यवस्था:-** पुरस्कार तथा कार्वाहीको व्यवस्था देहाय अनुसार हुनेछ :-

१. तोकिएको समय भन्दा अगाडि, तोकिएको मापदण्ड र गुणस्तरमा कार्य सम्पन्न गर्ने अनुदानग्राही र सम्बन्धित कार्यमा संलग्न कर्मचारीलाई प्रोत्साहन स्वरुप मन्त्रालयबाट कदर पत्र सहित सार्वजनिक रुपमा पुरस्कृत गरी सम्मान गरिनेछ ।

२. सम्झौता तथा कार्यतालिका बमोजिम कार्य नगर्ने अनुदानग्राहीलाई अनुदान रकम उपलब्ध गराइने छैन ।

३. अनुदान रकम दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरी सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

४. यस्ता अनुदानग्राहीहरुलाई भविष्यमा सेवा सुविधा नदिने गरी कालो सूचीमा राखिनेछ ।

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

सचिव

मा.विमला के.सी.
मन्त्री

**द्रष्टव्यः** यस कार्यविधिमा अन्यत्र जेसुकै उल्लेख गरेको भएता पनि प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली, कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका तथा अन्य प्रचलित ऐन, नियमावलीमा उल्लेख भएकोमा सोही बमोजिम हुनेछ ।

१०. <u>बाधा अड्काउ फुकाउनेः-</u>

१. कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार मन्त्रालयको हुनेछ ।

२. यस कार्यविधिलाई आवश्यकता अनुसार मन्त्रालयले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

सचिव

मा. विमला के.सी.
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

अनुसुची-१

## दफा ४ को उप-दफा (१) सँग सम्बन्धित
## औजार उपकरण उपलब्ध गराउनका लागि माग सङ्कलनको सूचना

सूचना । सूचना ।। सूचना ।।।

.............................................को आर्थिक वर्ष............ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि औजार उपकरण खरिदमा अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा ........................... जिल्लाका इच्छुक कृषक समुह, कृषि सहकारी, कृषि फार्म, उद्यमी कृषकबाट माग आवेदन आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले .............दिन भित्र मन्त्रालय वा मन्त्रालय मातहतका कार्यालयमा तपसिल अनुसारका कागजातहरु एवं अनुसूची २,३ अनुसार व्यवसायिक योजना सहित आवेदन आव्हान गरिएको छ । थप जानकारीका लागि ...................................... कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

आवश्यक कागजात

१) संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि
२) कृषि व्यवसायमा आवद्ध सम्बन्धित सहकारी वा उपभोक्ता समुह वा कृषक समूहले सूचना अवधि भित्र औजार उपकरण उपलब्ध गराउनक सहकारी, सञ्चालक समिति, समुह, फार्मको हकमा संस्थागत निर्णय र विनियम वा विधानको प्रतिलिपि
३) ........................गर्ने अनुसूची.........अनुसारको प्रस्तावना
४) सम्वन्धित स्थानीय तहको सिफारिस पत्र
५) सहकारी र निजी फर्मको हकमा गत आ. व. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन फोटोकपी
६) सहकारी र निजी फर्मको हकमा गत आ. व .सम्म कर वुझाएको वा कर छुट भएको भए सम्वन्धित कार्यालयको प्रमाण
७) सहकारी संस्थाको तर्फवाट कारोवारमा सहभागिताका लागि आधिकारीक प्रतिनिधि तोकेको निर्णय प्रतिलिपि
८) जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी
९) प्रतिवद्धता पत्र
१०)अन्य आवश्यक कागजातहरु

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

सचिव

मा.विमला के.सी.
मन्त्री

अनुसुची -२

दफा ४ को उप-दफा (२) सँग सम्बन्धित

कृषि औजार उपकरण अनुदानको लागि निवेदन

मिति

विषयः कृषि तथा पशुपन्छीजन्य औजार उपकरणको लागि अनुदान रकम उपलव्ध गरि पाउ ।

श्रीमान् ........................... ज्यु

...........................................

महोदय

हामी/म निम्न लिखित माग फारम (क) मा दस्तखत भएका व्यक्तीहरु/व्यक्ती बाट ... जिल्ला... गापा/नपा वडा न...... मा पर्ने ............... नामक कृषक समुह/कृषि सहकारी संस्था/कृषि फार्म/उद्यमी कृषक ले .................. कार्यका लागि अनुदान रकमको आवश्यकता परेकोले रु.१० को टिकट टास गरि अनुसुचीमा संलग्न फारम भरि यो माग आवेदन पेश गरेका छौ/छु ।

निवदेक

कृषक समुह/कृषि सहकारी संस्था/कृषि फार्म/ उद्यमी कृषक

अध्यक्ष/प्रतिनिधिको दस्तखत

नामः

पदः

सम्पर्क फोन नं

मितिः

संस्थाको छाप

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

सचिव

मा.विमला के.सी.
मन्त्री

कर्णाली प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, वीरेन्द्रनगर, सुर्खेत, नेपाल

अनुसुची- ३

दफा ४ को उप-दफा (२) सँग सम्बन्धित

## प्रस्तावको संक्षिप्त विवरण

१. मागकर्ताको नामः

२. कार्यक्रम संचालन गर्ने ठेगानाः जिल्ला गापा/नपा वडानं टोल

३. प्रस्तावित योजनाको मुख्य उदेश्यः

४. लाभान्वित कृषक संख्याः दलित.......जनजाति.......अन्य........ जम्मा........... महिला......... पुरुष........

५. लगाईने वाली तथा पालिएका पशु पन्छीहरुः

६. वालीनालीको क्षेत्रफल/ पशुपंछी संख्या

७. हालको उत्पादकत्व मे. टन/हेक्टर कार्यक्रम संचालन पश्चात उत्पादकत्व मे. टन/हेक्टर

८. बैंक खाता नं......................................... वैंकको नाम.............................

९. व्यवसायिक योजना संचालनका लागि गरिने क्रियाकलाप तथा अनुमानित लागत रकम

| सि.न. | माग गरिएका कृषि तथा पशुपन्छी जन्य औजार उपकरण | हर्ष पावर / साइज | प्रति इकाई दर | कुल जम्मा रकम रु | जन सहभागिता रकम रु | माग गरेको अनुदान रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

सचिव

मा.विमला के.सी.
मन्त्री

अनुसुची- ४

दफा ६ को उप-दफा (१) सँग सम्बन्धित

## सम्झौता पत्रको नमुना

यो सम्झौता पत्रमा पहिलो पक्ष मानिने ......................... र दोस्रो पक्ष मानिने श्री उद्यमी कृषक/कृषि फार्म/कृषक समुह र कृषि सहकारी संस्था गा.पा /नपा वडानं. टोल विच तपसिलको शर्त वमोजिमको कुराहरुलाई पालना गर्ने गरि कार्यन्वयन प्रयोजनको लागि प्रयोग गरिने छ ।

१. यो सम्झौता, सम्झौता भएको मिति देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न इष्टिमेट वमोजिमको कार्य यथाशिघ्र संचालन गरि मिति २०७ साल महिना गतेसम्म संम्पन्न गरेर आवश्यक कागजात पहिलो पक्ष समक्ष वुझाउनु पर्ने छ ।
२. कृषि औजार उपकरणहरु खरिद आफैले गर्नुपर्नेछ । आफैले नगरी दोश्रो व्यक्ति वा संस्थालाई ठेक्कापट्टा दिई गराउन पाइने छैन ।
३. .........................ले उपभोक्तालाई इष्टिमेट अनुसारको कार्य सञ्चालन गर्न योजनाको प्रकृति अनुसार वढीमा दुई किस्ता वा एकमुष्ट रकम काम सम्पन्न प्रतिवेदन तथा आवश्यक काजकाज पहिलो पक्ष समक्ष पेश गरे पश्चात एकमुष्ट दोस्रो पक्षको खातामा सम्झौता वमोजिमको रकम जम्मा गर्राईने छ ।
४. सम्झौता वमोजिमको कार्य संचालन तथा सम्पन्नको लागि पहिलो पक्ष ...................... मार्फत अनुदान स्वरुप रु. (अक्षरेपी ) र दोस्रो पक्षको लागत सहभागिता रु. (अक्षरेपी ) व्यहोरिनु पर्ने छ ।
५. किस्ता भुक्तानी गर्दा सम्बन्धित प्राविधिकवाट कामको मूल्यांकनको आधारमा रकम भुक्तानी गरिनेछ ।
६. उपभोक्ता समूहले कृषि औजार उपकरण खरिदका लागि आफ्नै श्रोत वाहेक कुनै सरकारी, गैह्र सरकारी संघ संस्थावाट सहयोग, अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रुपमा कृषि ज्ञान केन्द्र/..................लाई जानकारी गराउनु पर्नेछ ।
७. सार्वजनिक स्थानमा सम्पूर्ण विवरण सहितको सार्वजनिक सुचना पाटी राख्नु पर्ने छ ।
८. उपभोक्ताले निर्माण कार्यको सर्विजनिक जानकारी Public Auditing गराउनु पर्नेछ ।
९. कृषि औजार उपकरणहरुको खरिद कार्य सोही आ.व. भित्र सम्पन्न गर्नु पर्नेछ ।
१०. अन्तिम किस्ता भुक्तानी गर्ने सम्बन्धमा सुपरभिजन गरी फाइनल विल तयार गर्ने प्राविधिकवाट कार्य सम्पन्न प्रतिवेदन तयार गरी उपभोक्ताहरुको वैठकवाट निर्णय गर्राई ...............................मा प्राप्त भएको सात दिन भित्र सम्बन्धित समूहको नाउमा बैंक चेक मार्फत भुक्तानी दिइनेछ ।
११. उपभोक्ताको लापरवाहीको कारणवाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी उपभोक्ताको हुनेछ ।
१२. कृषि औजार उपकरणहरु खरिद गरि हस्तान्तरण भैसकेपछि सो को मर्मत सम्भार सम्बन्धी कार्य सम्बन्धित उपभोक्ताको हुनेछ ।

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

सचिव

मा.विमला के.सी.
मन्त्री

कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

१३. खरिद कार्य अथवा यस सम्बन्धी कुनै विवाद आएमा .................. को निर्णयनै अन्तिम मानिनेछ ।

१४. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस वमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

नोट भुक्तनीको लागि चाहिने आवश्यक कागजातहरु

१. खरिदकार्य सम्पन्न भएको उद्यमी कृषक, कृषक समुह, सहकारी, कृषि फर्मको सम्झौता वमोजिमको रकम भुक्तानी सम्वन्धिको निर्णय र निवेद,न
२. सम्वन्धित कृषि ज्ञान केन्द्र र गा. पा./न.पा. को कार्य सम्पन्नको स्थलगत अनुगमन प्रतिवेदन ।
३. अनुदान वापत रु. तथा लागत सहभागिता वापत रु. गरि जम्मा वमोजिमको खर्च लागतको विल, भरपाई, र सार्वजानिक सुनुवाई प्रतिवेदन ।
४. कार्यको लागत वमोजिमको खर्च रकमको विवरण सहितको सार्वजनिक स्थानमा राखिएको होडिङ वोर्ड र सम्पन्न कार्य झल्काउने फोटाहरु पेश गर्नु पर्ने छ ।

पहिलो पक्ष :- ..................को तर्फट

दस्तखत :-
नाम :-
पद :-
मिति :-
कार्यालयको छाप :-

दोस्रो पक्ष उद्यमी कृषक/ कृषक समुह/सहकारी/ कृषि फार्मको अध्यक्ष/प्रतिनिधि

दस्तखत :-
नाम :-
पद :-
मिति :-
समुहको छाप :-

रोवर

दस्तखत :-
नाम :-
ठेगाना :-
मिति :-

दस्तखत :-
नाम :-
ठेगाना :-
मिति :-

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

सचिव

मा.विमला के.सी.
मन्त्री

## अनुसूची ५

### पशुपालन व्यवसाय संग सम्बन्धित यान्त्रिकिकरण

| विषय | मुल्यांकनका आधारहरु | यन्त्रहरु | कैफियत |
|---|---|---|---|
| दुध उत्पादन प्रशोधन तथा बजारीकरणका लागि | तोकिएको फाराम अनुसारको विवरणको आधारमा सबै भन्दा बढी अंक ल्याउने | मिल्क क्यान, क्रिमसेपेरेटर, पास्चुराइजर, ल्याक्टो मिटर, मिल्क एनालाइजर, डि फ्रिज, चिलिङ्भ्याट, प्याकेजिङ्ग मेसीन, सेन्ट्रिफ्यूज आदी | |
| मासु उत्पादन प्रशोधन तथा बजारीकरणका लागि | तोकिएको फाराम अनुसारको विवरणको आधारमा सबै भन्दा बढी अंक ल्याउने | मासु काट्ने औजार स्टिलनेस स्टिल, ग्याँस चुलो, ब्रनर, डि फ्रिज, आदी | |
| अण्डा उत्पादन संकलन तथा बजारीकरणका लागि | तोकिएको फाराम अनुसारको विवरणको आधारमा सबै भन्दा बढी अंक ल्याउने | क्यारेट,अण्डा ग्रेडिङ्ग मेसीन | |
| घाँस तथा घाँसे वाली उत्पादन संकलन तथा बजारीकरणका लागि | तोकिएको फाराम अनुसारको विवरणको आधारमा सबै भन्दा बढी अंक ल्याउने | हजारी, स्प्रयर टंकी , सिकेचर,खनजोत गर्न औजार, तौलने मेसीन, केलाउने पंखा आदी | |
| उन्नत पशु उत्पादनका लागि | तोकिएको फाराम अनुसारको विवरणको आधारमा सबै भन्दा बढी अंक ल्याउने | फिडर, होवर, अटोमेटीक ड्रिकर, ह्विल व्यारो, साइलो पिट वायोग्याँस प्लान्ट आदी | |
| प्राइभेट कृत्रिम गर्भाधान कर्ता | तोकिएको फाराम अनुसारको विवरणको आधारमा सबै भन्दा बढी अंक ल्याउने | ए आइ गन, रेर्फ्री गमबुट, थर्मामिटर, एप्रोन, थइङ्ग किट, एआइ सिथ, ग्लोवस आदी | |
| ह्याचरी स्थापना तथा संचालन | तोकिएको फाराम अनुसारको विवरणको आधारमा सबै भन्दा बढी अंक ल्याउने | जेनेरेटर, इन्कुवेटर, ह्याचिङ्ग मेसिन थर्मामिटर, एप्रोन, आदी | |
| पशु तथा पशु जन्य पदार्थ ढुवानी साधन | तोकिएको फाराम अनुसारको विवरणको आधारमा सबै भन्दा बढी अंक ल्याउने | चलिङ्ग भ्यान, (दुध तथा मासु ) , पशु ढुवानी मापदण्ड अनुसारको ट्रक आदी | |

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

सचिव

मा.विमला के.सी.
मन्त्री